annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १४४ पृष्ठ ८ | काठमाडौं, शनिबार ५ असोज २०८१ | आश्विन कृष्णपक्ष चतुर्थी नेपाल संवत् ११४४ | SATURDAY, SEPTEMBER 21, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

सहकारी ठगी प्रकरण

# पञ्चायतदेखि समिति बन्दै, दराजमा प्रतिवेदन थन्किँदै

सहकारी सुधारका लागि पञ्चायतकालदेखि १२ वटा समिति बने । हालै संसद्ले गठन गरेको सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा गठित संसदीय छानबिन विशेष समिति १३औं नम्बरमा पर्छ । पटक-पटक समिति बन्ने तर, प्रतिवेदन जति दराजमा थन्किने गर्दा सहकारीका समस्या ज्युँका त्युँ रहे । प्रतिवेदन कार्यान्वयन नगर्ने परम्पराका कारण यसपटकको संसदीय समितिले बनाएको प्रतिवेदन पनि हात्ती आयो, हात्ती आयो फुस्सा हुने त होइन ?




समाचार पृष्ठ २


केशरराज क्षेत्री | *काठमाडौं*

– को रिपोर्ट

२०२४ सालदेखि हालसम्म गठित आयोग, कार्यदल र समिति

| वर्ष | समितिको नाम | संयोजक/अध्यक्ष |
|---|---|---|
| २०२४ | केन्द्रीय सहकारी छानबिन समिति | डा. मोहनमान सैंजु |
| २०३५ | साझा विकास योजना मस्यौदा अध्ययन टोली | रणधीर सुब्बा |
| २०४१ | नेपालमा साझा अभियानको विकास र विस्तारसम्बन्धी अध्ययन टोली | नारायणदास श्रेष्ठ |
| २०४७ | राष्ट्रिय सहकारी महासंघ परामर्श समिति | राधाकृष्ण मैनाली |
| २०६१ | राष्ट्रिय सहकारी बैंक र बचत तथा ऋण सहकारी संस्थाको सञ्चालनका लागि आवश्यकता पर्ने कानुनी स्वरूप तथा संस्थागत व्यवस्थासम्बन्धी (उच्चस्तरीय) समिति | तुल्सीप्रसाद उप्रेती |
| २०६१ | उच्चस्तरीय सहकारी क्षेत्र सुधार सुझाव समिति | होमनाथ दाहाल (मन्त्री) |
| २०६१ | राष्ट्रिय सहकारी बैंक र बचत तथा ऋण सहकारी संस्थाहरूको कानुनी र संस्थागत व्यवस्था अध्ययन समिति | डा. युवराज खतिवडा |
| २०६६ | सहकारी क्षेत्रका समस्या समाधानका लागि नीतिगत, प्रक्रियागत र संस्थागत विषयमा सिफारिस गर्न गठित कार्यदल | डा. दिनेशचन्द्र देवकोटा |
| २०६९ | बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूको नियमन गर्ने सम्बन्धमा सुझाव समिति | डा. बैकुण्ठ अर्याल |
| २०६९ | समस्याग्रस्त बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूको छानबिन समिति | महाप्रसाद अधिकारी |
| २०७० | बचत तथा ऋण कारोवार गर्ने समस्याग्रस्त सहकारी संस्थाहरूको छानबिन गर्न गठित जाँचबुझ आयोग | गौरीबहादुर कार्की |
| २०८० | सहकारी क्षेत्र सुधार सुझाव कार्यदल | डा. जयकान्त राउत |
| २०८१ | सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय विशेष छानबिन समिति | सूर्य थापा |

## बीपीका विचार चिरस्थायी



दमननाथ ढुंगाना

इजलास

देहावसानको ४ दशकपछि पनि बीपी कोइरालाको जीवन संघर्ष गाथा तथा कतिपय विचारधारा चिरस्थायी छन्। प्रेरणाका स्रोत हुन्। बीपीले सुरुमा देशमा लोकतन्त्र र समाजवादको जग बसाउन जीवनमा कम्ती संघर्ष गर्नु परेन। राष्ट्रिय एकता तथा मेलमिलापको नीतिमार्फत राष्ट्रको बाँच्ने सामर्थ अघि बढाउन उनले जीवनमा के मात्र गर्नु परेन ? उनका महान योगदानका सन्देशले सजीव चित्र तथा ताजा सन्देश प्रवाह गर्छन्। बीपी विचारका कतिपय सान्दर्भिकता अझै पनि सकिएका छैनन्। कतिपयले बीपी कोइरालाका खासखास नीति निर्देशन त्याज्य गरिँदा नै देशको परम्परावादी शक्ति विस्थापित हुन पुगेको औंल्याउँछन्। ०६२/०६३ सालको बाढी जस्तो राजनैतिक परिवर्तन पनि नयाँ जनपक्षका लागि सम्हाली नसक्नु भएको आजको वास्तविकताले देखाउँछन्।

देशको वर्तमान परिप्रेक्षसँग मिल्दाजुल्दा बीपी कोइरालाका मुख्य-मुख्य केही विचार तथा विशेषता शुत्रबद्ध गर्न सकिन्छ।

१. बीपी कोइरालामा विश्व राजनीति तथा क्षेत्रीय चासोको राम्रो ज्ञान थियो। नेपालको बाँच्ने सामर्थ्यबारे उहाँ सदा सजग रहनुहन्थ्यो र अरूलाई पनि सजग गराइरहनुहुन्थ्यो।

२. कम्युनिस्टहरूसँग मिल्नु हुँदैन भन्नेमा बीपी कोइरालाको अर्को विशेष जोड हुन्थ्यो। कम्युनिस्टहरूको परिकल्पना तथा लक्ष्यको राज्य तथा पद्धति र लोकतन्त्रवादीहरूको मूल्य मान्यता तथा विश्वासको राज्य पद्धतिबीच आकाश जमिनको अन्तर छन्। त्यसैकारण कम्युनिस्टहरूसँग सदा प्रतिस्पर्धाका लागि तम्तैयार रहनुपर्छ भन्ने उहाँको दृढ धारणा तथा अटल विश्वास थियो।

३. राष्ट्रिय स्वतन्त्रन्ता, स्वाधीनता, लोकतन्त्र तथा समाजवादप्रति बीपी कोइरालाको प्रतिबद्धता कडा थियो। सम्पूर्ण जीवन उहाँले यिनै मूल्य मान्यतामुखी संघर्षमा अर्पण गर्नुभएको थियो। यिनलाई सँगसँगै लिएर जानसके मात्र नेपाल एक स्थिर, सबल, कलहमुक्त, शान्त तथा सुरक्षित राष्ट्र भएर रहन सक्छ भन्नेमा उहाँको दृढ धारणा तथा अटल विश्वास थियो।

४. बीपी तर्क पुर्‍याएर चाहिने कुरा बोल्ने तथा आफूले बोलेका कुरा पूरा गरेर देखाउन सदा होसियार हुनुहन्थ्यो। लोकतन्त्र तथा समाजवादका मूल्य मान्यता आम जनताको दैनिक जीवनमा उतार्नुपर्छ भन्ने अर्थमा उहाँ व्यवहारवादी नेता हुनुहुन्थ्यो। ०१६ सालमा १८ महिना प्रधानमन्त्री हुँदा भूमिसुधार ऐन, श्रमिक ऐन तथा प्रशासनिक ऐनमा युद्धस्तरमा बहुआयामिक सुधार गर्दै एवं परराष्ट्र नीति छिमेकी मैत्री बनाउँदै उहाँले जुन किसिमको समाजवादी ढाँचाको सरकार चलाएर जनताको अगाध आस्था आर्जन गर्नु भएको थियो, त्यस्तो नमुना आदर्शको सरकार यो देशमा फेरि कहिले देख्न पाइने होला ?

*(ढुंगाना पूर्वसभामुख हुन्।)*

## छोरीले कपाल काट्ने ? झुपा नै उदाहरण बनिन्

गीता कुँवर | *अछाम*

‘छोरी मान्छेले कपाल काट्ने ?’ भो, यस्तो काम नगर्नु। अरू नै काम गर’ झुपा विकलाई हौस्याउनेभन्दा निरुत्साहित गर्नेको संख्या धेरै थियो। तर, कसैको कुरा सुनिनन्। कपाल काट्ने तालिम लिइन्, पालिकाको प्रमुख बजार विनायकमा व्यवसाय सुरु गरिन्। दैनिक १ हजारसम्म कमाई हुन थाल्यो। अनि, बाबुआमाले ‘भारत (बम्बै) बाट दुई चार पैसा पठाइदेलान् र पढाइ खर्च टारौला’ भन्ने समस्याको अन्त्य आफैं गरिन्।

पञ्चदेवल विनायक- ४ की झुपा २१ वर्षकी मात्र भइन्। ८ जनाको परिवार छ। उनी, जेठी छोरी हुन्। आमाबुवा र जेठो भाइ रोजगारीको सिलसिलामा भारत (बम्बै) छन्। झुपाको परिवारको आम्दानीको मुख्य स्रोत नै वैदेशिक रोजगारी हो। एसईईपछि उच्च शिक्षा पढ्न जिल्ला बाहिर जाने सपना थियो- झुपाको। तर, पारिवारिक आर्थिक अवस्थाका कारण त्यो पूरा भएन। अनि, गाउँमै पढ्ने निधो गरिन्। आर्थिक अभावका कारण उनी गाउँकै विद्यालयमा समेत कक्षा ११ मा भर्ना हुन पाइनन्।



विनायकस्थित आफ्नै पसलमा कपाल काट्दै झुपा विक। ● गीता कुँवर

पढाइका लागि खर्चको समस्या भइरह्यो। अनि, उनले ३९० घण्टाको कपाल काट्ने तालिम लिइन्। कपाल काट्ने व्यवसाय सुरु गरिन्। उनी फेरि पढाइलाई निरन्तरता दिने योजनामा छिन्। व्यवसायबाट आम्दानी हुन थालेकोले झुपा अब फेरि कक्षा ११ मा भर्ना हुने सोचमा छिन्। ‘छोरी मान्छेले के राम्रोसँग कपाल काट्लान् र भनेर सुरुमा त कोही पनि आउँदैनथे,’ झुपाले भनिन्।

» बाँकी पृष्ठ ६

